# सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव

त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र सङ्काय पाठ्यक्रम विभाग अन्तर्गत स्नाकोत्तर तह

दोस्रो वर्ष (ED-CE-598) को

आंशिक आवश्यकता पूरा गर्नको निम्ति

प्रस्तुत शोधपत्र

शोधकर्ता

अशोक कुमार साह

एम.एड. दोस्रो वर्ष

श्री जनता बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मुल्यांकन विभाग

इटहरी-५, सुनसरी

२०७४

# सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव

त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र सङ्काय पाठ्यक्रम विभाग अन्तर्गत स्नाकोत्तर तह दोस्रो वर्ष (ED-CE-598) को
आंशिक आवश्यकता पुरा गर्नको निम्ति
प्रस्तुत शोधपत्र

शोधकर्ता

अशोक कुमार साह

एम.एड. दोस्रो वर्ष

श्री जनता बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मुल्यांकन विभाग

इटहरी-५, सुनसरी

२०७४

त्रि.वि.वि. दर्ता नं. ३८९८९-९१

परीक्षा रोल नं. २१८०१२७

क्याम्पस रोल नं. ६२/०६६/६७

शोध बुझाएको मिति

२०७४/१२/१४

शोध स्वीकृत मिति :
२०७४/१२/२० (२०१८ अप्रिल ३)

# प्रतिवद्धता-पत्र

प्रस्तुत शीर्षकमा गरिएको अध्ययन म आफै प्रत्यक्ष रुपमा सहभागी भई गरेको हुँ । यस शोधपत्र प्रतिवेदनमा प्रयोग गरिएका तथ्यहरु श्रोत खुलाई प्रस्तुत गरेको छु , अन्यथा भएमा त्यसको सम्पूर्ण जवाफदेही  म आफै हुनेछु ।

मिति : २०७४/१२/०१

अशोक कुमार साह

एम.एड.दोश्रो वर्ष

शोधार्थी

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय**

**पाठ्यक्रम तथा मुल्यांकन विभाग**

श्री जनता बहुमुखी क्याम्पस

इटहरी-५, सुनसरी

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांकन विभाग स्नाकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि “सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव शीर्षकको शोधपत्र अशोक कुमार साहले मेरो सल्लाह र निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक मूल्यांकनका लागि शोत्रपत्र मूल्यांकन समिति समक्ष सिफारिस गर्दछु ।

मिति :-२०७४/१२/१८

.....................................

उप.प्रा श्री राजन प्रसाद शर्मा

शोध निर्देशक

श्री जनता बहुमुखी क्याम्पस इटहरी-५, सुनसरी

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांकन विषयमा स्नाकोत्तर उपाधीको आंशिक आवश्यकता पुरा गर्नको लागि स्वीकृति "सिकाइ उपलब्धिमा शिक्षणसिकाइ क्रियाकलापको प्रभाव शीर्षकको शोधकार्य सम्पन्न गरी यो शोध पत्र प्रस्तुत गरेको छु । शोधपत्र लेखन कार्यमा आफ्नो व्यस्त समयका बाबजुद पनि सहज र सरल ढङ्ले अमुल्य समय, सुझाव सल्लाह प्रेरणा र कुशल निर्देशन प्रदान गरी महत्वपूर्ण सहयोग गर्नु हुने श्री जनता बहुमुखी क्याम्पस इडहरी, सुनसरीका आदरणीय शोधपत्र निर्देशक श्री राजन प्रसाद शर्मा ज्यू प्रति म सदा कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी यो शोधपत्र लेखन क्रममा आवश्यक सल्लाह, सुझाव र हौसला प्रदान गर्नु हुने पाठ्यक्रम तथा मूल्यांक्न विभागका विभागीय प्रमुख श्री शान्तिराम दाहाल, क्याम्पस प्रमुख श्री भोजराज श्रेष्ठ, तथा श्रद्धेय गुरु श्री टोलनाथ काफ्ले ज्यू र राजन प्रसाद शर्मा ज्यू लगायत सम्पूर्ण गुरुहरु प्रति पनि आभार व्यक्त गर्दछु ।

तथ्यांङ्क संकलनका क्रममा आवश्यक तथ्यांङ्क उपलब्ध गराउन सहयोग प्रदान गर्नुहुने सबै विद्यालयहरुका प्र.अ. र शिक्षक/शिक्षिका ज्यूहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ज्यू, अभिभावक, विद्यार्थीहरुका साथै सम्बन्धीत पक्षहरुप्रति हार्दिक अभार व्यक्त गर्दछु ।

अन्त्यमा स्नाकोत्तर अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण वातावरण सृजना गरिदिनु हुने आदरणीय मित्र श्री विजेन्द्र सिंह ज्यू प्रति विशेष कृतज्ञाता प्रकट गर्दछु । साथै यस शोधपत्रलाई अन्तिम रुपमा दिने कम्प्युटर सेटिङ्ग गरी सहयोग पुऱ्याउने श्री मिथलेश मण्डल ज्यूलाई शुरुदेखि अन्त्य सम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याई दिनु भएकोमा म उहाँ लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

अशोक कुमार साह

एम.एड. दोश्रो वर्ष

२०७४

# शोधसार

प्रस्तुत शोधसार “सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव शीर्षकमा मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धिको लेखा जोखा गर्नु, विद्यार्थीको सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापले पारेको प्रभावको मूल्यांकन गर्नु , यस कार्यक्रममा देखिएका समस्या तथा समस्या समाधानका लागि उपायहरुको सुझावहरु प्रस्तुत गरिएको छ ।

यस अध्ययको क्रममा कटहरी श्रोत केन्द्रका ४२ ओटा सामुदायिक विद्यालयहरु मध्ये ५ ओटा विद्यालयलाई अध्ययनको सीमा समेटी शैक्षिक सत्र २०७० देखि शैक्षिक सत्र २०७३ सम्मको आधारभूत तह कक्षा चार र पाँचको वर्तमान शिक्षण सिकाइको अवस्था हेरिएको छ । यो अध्ययनमा कटहरी श्रोत केन्द्र अन्तरगतका विद्यालयहरुको श्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारीहरु, अभिभावक तथा विद्यार्थीहरुले व्यक्त गरेका तथ्य, विचार एवम् प्रतिक्रियाहरु, कक्षा अवलोकन र नियमित रुपमा संचालन गरिएका परीक्षाहरुको प्राप्ताङ्कलााई आधार मानि सिकाइ उपलब्धिको अवस्था अध्ययन गरिएको छ । यस अध्ययनवाट प्राप्त भएका प्रतिक्रियाको आधारमा गुणत्मक एवम् परिमाणात्मक प्रकृतिका तथ्यांक र सूचनाहरुलाई वर्गीकरण गरी ग्राफ र चार्टमा देखाइएको छ ।

अन्त्यमा आधारभूत तहका विद्यार्थीहरुको सिकाइ उपलब्धि बढाउनको लागि आर्थिक सहायता उपलब्ध गराउनु पर्ने, छात्रवृत्ति प्रदान गर्नु पर्ने, गरिब तथा दलितका लागि विशेष कार्यक्रम संचालन गर्नु पर्ने आवश्यक ठाउँमा विद्यालय स्थापना गर्नु पर्ने, शिक्षक दरबन्दीको उचित व्यवस्था हुनु पर्ने उत्कृष्ठ विद्यालयलाई पुरस्कार दिनु पर्ने तथा हाल सम्म देखिएका विद्यार्थीहरुको न्यून उपस्थितिलाई उच्च गराउन अभिभावकहरुलाई सचेत गराउदैं गुणस्तरीय, व्यवाहारिक र सीपमूलक शिक्षा दिनु पर्ने सुझावहरु रहेका छन् ।

१. विद्यालयको सुधार शैक्षिक निति नियम सम्बन्धी महत्वपूर्ण अभिलेख भएको र विकेन्द्रीकरणको सिद्धान्त बमोजिम निर्माण गरिने यस योजना प्रति सरोकारवालाहरुको कार्यक्रमहरुको प्रभाव विद्यालयले आफ्नो क्लियर भिजन राख्न नसक्नु सरोकारवालाहरुको विद्यालय प्रति चासोको मी, सहकार्य र समन्वयको अभाव निरन्तर रुपमा अनुगमन र मूल्यांक्न नहुनु, जिम्मेवारी र उत्तरदायित्वको अभाव जस्ता पक्षहरु अझै विद्यमान भएको पाइयो ।

२. शिक्षकको योग्यता, दक्षता, श्रोत र साधनको पर्याप्तता एवम् शिक्षक विद्यार्थीको लगनशीलता र कर्तव्यपरायणता नै हो भन्ने पक्ष पाइयो ।

३. भौतिक सुधार, विषयगत दक्ष शिक्षक,

राजनैतिक अहस्तक्षेप, नियमित, लगनशीलता एव्म सक्रियताको कारणले पढाईमा हुने कुरा अभिभावकहरुको धारणा रहेको पाइयो ।

यसरी उपलब्ध श्रोत र साधनलाई बढीभन्दा बढी परिचालन गर्दै विद्यालयले पुरा गर्ने खालका मात्र कार्यक्रमहरु प्रस्तावना गर्न सकेबमे खण्डमा विद्यालयले तोकेको उदेश्यहरु सहजहरुमा पुरा गरि उच्च सिकाइ उपलब्धी हासिल गर्न सफल हुने देखिन्छ । यसो भए तापनि सुधार गर्न सफल भएको देखिएतापनि शैक्ष्किक उपलब्धी वृद्धि गर्ने खालका कार्यक्रमहरु (जस्तै निःशुल्क पाठ्पुस्ताक, वितरण छात्रवृति) समेटेको भएपनि शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धीत कार्यक्रमलाई केहीहद सम्म लागु भए पनि लक्ष्य अुरुप भएको पाइएन् ।

अन्त्यमा प्राथाीमक तहका विद्यार्थीहरुको सिकाइउपलब्धी बढाउन, आर्थिक सहायता उपलब्ध गराउनु पर्ने, छात्रवृति प्रदान गर्नुपर्ने, निःशुल्क शिक्षा, गरिब तथा दलितका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धी बढाउन सकिने, आवश्यक ठाउँहरुमा मात्र विद्यालय स्थापना गर्नुपर्ने, शिक्षक, दरबन्दीको उचित व्यवस्था हुनुपर्ने, उत्कृष्ट विद्यालयहरुलाई बिना भेदभाव पुरस्कार स्वरुप विशेष थप अनुदानको व्यवस्था गरिनुको साथै सिकाइउपलब्धी उच्च बनाउन विशेष सहयोग पुऱ्याउने पर्ने , विषयगत शिक्षकहरुलाई प्रोत्साहन रुवरुप पुरस्कार एवम् अभिनन्दन गर्नुपर्ने हाल सम्म देखिएका विद्यार्थीहरुको न्युन उपस्थितिलाई उच्च गराउन अभिभावकहरुलाई सचेत गराउँदै गुणस्तरीय, व्यहारिक र सीपमुलक शिक्षा दिनुपर्ने सुझावहरु रहेका छन् ।

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| प्रा. वि. | : - प्राथमिक विद्यालय |
| आ. व. | : - आर्थिक वर्ष |
| वि. स . | : - विकम सम्बत |
| प्र. अ. | : - प्रधानाध्यापक |
| वि. व्य. स. | : - विद्यालय व्यवस्थापन समिति |
| जि. शि. का. | : - जिल्ला शिक्षा कार्यालय |
| जि. शि. अ. | : - जिल्ला शिक्षा अधिकारी |
| रा. शि. प. | : - राष्ट्रिय शिक्षा पद्धति |
| शै. ज. वि. के. | : - शैक्षिक जनशक्ति विकास केन्द्र |
| शै. ता. के. | : - शैक्षिक तालिम केन्द्र |
| स्रो. व्य. | : - स्रोत व्यक्ति |
| आ. प्रा. शि. का. | : - आधारभूत तथा प्राथमिक शिक्षा  कार्यक्रम |
| वि. सु. यो. | :- विद्यालय सुधार योजना |
| शै . स . | : - शैक्षिक सत्र |
| शि. अ . स . | : - शिक्षक, अभिभावक संघ |
| NER | : - Net Enrollment Rate |
| BPEP | : - Basic and Primary Education Project<br>(आधारभूत तथा प्राथमिक शिक्षा परियोजना) |